नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर : ६६४

## प्रेस-नोट

आज मिति २०७६ माघ १५ गते जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गत आपतकालिन स्वास्थ्य विषयगत क्षेत्र (Emergency Health Cluster) को बैठक जिल्ला प्रशासन कार्यालय, रसुवामा सम्पन्न भयो। उक्त बैठकमा पछिल्लो समयमा संक्रमण जोखिम देखिएको कोरोना भाईरस (2019-nCoV) को नियन्त्रण, व्यवस्थापनका विषयमा छलफल केन्द्रित भयो। बैठकमा सीमा क्षेत्र हुँदै नेपालमा पर्न सक्ने संक्रमण प्रभाव समेतलाई मध्यनजर गरी रसुवागढी सीमामा रहेको Health Inspection Desk लाई उच्च स्रोत साधन युक्त बनाउने, Rapid Response team (RRT) तयारी अवस्थामा राख्ने, सीमा क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, जिल्ला अस्पतालमा  छुट्टै कोठा(Separate room) बाट उपचार हुने व्यवस्था मिलाउने, चेकजाँचका लागि आवश्यक पर्ने आधुनिक उपकरण तत्काल व्यवस्था गर्ने लगायतका क्रियाकलाप कार्यान्वयन गर्नका लागि विशेष कार्ययोजना (Action Plan) निर्माण गर्न गोसाईकुण्ड गाउँपालिका, प्रमुख प्रशासकीय अधिकृत देवीलाल सापकोटाको संयोजकत्वमा सहायक प्रमुख जिल्ला अधिकारी सपना कुमारी भट्टराई, जनस्वास्थ्य अधिकृत सृष्टि नेपाल, मेडिकल सुपरिटेन्डेन्ट (मे.सु.) डा. अनिल खरेल रहेको उप-समिति गठन गर्ने र सो उप-समितिले २०७६ माघ १६ गते भित्र कार्यान्वयन कार्ययोजना निर्माण गरी पेश गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

१५ माघ, २०७६।

२०७६।१०।१५

सपना कुमारी भट्टराई
स.प्र.जि.अ./प्रवक्ता/सूचना अधिकारी